९८५७८३५२४०
९८६८६७२०७८
rajpurmun@gmail.com
anil9.yadav3@gmail.com

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी देउखुरी, दाङ
लुम्बिनी प्रदेश नेपाल

मितिः२०७९/०४/०१

**विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने सम्बन्धमा अत्यन्त जरुरी सूचना।**

उपरोक्त सम्बन्धमा राजपुर गाउँपालिकाका सम्पुर्ण वडामा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सबै किसिमका लाभग्राहीहरुको विवरण अध्यावधिक र नविकरण प्रत्येक बर्षको श्रावण महिनामा गर्नुपर्ने भएकोले उक्त कार्यका लागि आवश्यक कागजात सहित भौतिक रुपमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता नविकरण गर्न गराउन हुन सबैको जानकारीको लागि अनुरोध छ।

**तपशिलः**

- जेष्ठ नागरिक ७० बर्षमाथिका र जेष्ठ नागरिक दलित ६० बर्षमाथिका सामाजिक सुरक्षा भत्ताको हकमा नागरिकताको प्रमाणपत्रको फोटोकपी, २ प्रति पासपोर्ट साईजको फोटो
- एकल महिला ६० बर्ष माथिका लाभग्राहीको हकमा/ सबै विधुवा भत्ता प्राप्त गर्ने महिलाहरुको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी, नागरिकताको प्रमाणपत्रको फोटोकपी, २ प्रति पासपोर्ट साईजको फोटो र सम्बन्ध विच्छेदको प्रमाणपत्र वा अविवाहित प्रमाणपत्र
- क र ख बर्गको अपांङ्गता भएको हकमा नागरिकताको प्रमाणपत्रको फोटोकपी, अपांङ्गता परिचयपत्र र जन्मदर्ताको फोटोकपी, २ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो
- दलित बालबालिकाको हकमा बाबु अथवा आमाको नागरिकताको प्रमाणपत्रको फोटोकपी बच्चाको जन्मदर्ताको फोटोकपी र २ प्रति पासपोर्ट साईजको फोटो
- लोपउन्मुखको हकमा नागरिकताको प्रमाणपत्रको फोटोकपी , जन्मदर्ताको फोटोकपी र २ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो
- सम्पर्क नम्वर र तिन पुस्ते विवरण (बाबु, आमा र बाजे)

पुनश्चः २०७९ साल श्रावण मसान्तभित्र सामाजिक सुरक्षा भत्ता नविकरण हुने भएकोले माथि उल्लेखित कागजातहरुको साथमा आफ्नो सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सा.सु. भत्ताको लागि नविकरण गर्न हार्दिक अनुरोध छ। साथै परिचयपत्र नविकरण नभएको अवस्थामा लाभग्राहीहरुले सा.सु. भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

२०७९/०४/०१

.........................
भरतमणि पोखेल
नि.प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत